<u>अदालत, अनुसन्धान वा अभियोजन गर्न अधिकार प्राप्त अधिकारीले विदेशी राज्य समक्ष पारस्परिक कानूनी सहायता माग गर्दा केन्द्रीय अधिकारी समक्ष पेश गर्नु पर्ने कागजात तथा विवरण सम्बन्धी चेक लिष्ट:</u>

| क्र.सं. | कागजात वा विवरण | |
|---|---|---|
| १. | **ऐनको दफा ४ बमोजिम:** | |
| | (क) देवानी प्रकृतिको विषयमा एक लाख रुपैयाँ वा सोभन्दा बढी बिगो कायम भएको न्यायिक कारवाही | □हो/होइन□ |
| | (ख) फौजदारी प्रकृतिको विषयमा एक वर्ष वा सोभन्दा बढी कैद सजाय हुने वा पचास हजार रुपैंया वा सोभन्दा बढी जरिबाना हुने कसूर | □हो/होइन□ |
| २. | **ऐनको दफा ७ बमोजिम:** | |
| | (१) कुनै कसूरको अनुसन्धान वा अभियोजनमा सहयोग पुग्ने बैंक, वित्तीय वा व्यापारिक अभिलेख समेतको कुनै कागज, प्रमाण वा वस्तु विदेशी राज्यमा रहेको भन्ने पर्याप्त आधार | □भए/नभएको□ |
| | (२) न्यायिक कारवाहीमा सहयोग पुग्ने बैंक, वित्तीय वा व्यापारिक अभिलेख समेतको कुनै कागज, प्रमाण वा वस्तु विदेशी राज्यमा रहेको भन्ने पर्याप्त आधार भएकोमा सो माग गर्न अदालतबाट आदेश भएको | □छ/छैन□ |
| ३. | **ऐनको दफा ९ बमोजिम:** | |

| | | |
|---|---|---|
| | (१) म्याद वा न्यायिक लिखत तामेल गर्नु पर्ने व्यक्तिको पूरा नाम उल्लेख भएको | □छ/छैन□ |
| | (२) म्याद तामेल गर्नु पर्ने व्यक्ति रहे बसेको मुलुक, राहदानी वा राष्ट्रिय परिचयपत्र नम्बर भए सोको विवरण, हुलिया र राष्ट्रियता लगायत पहिचान हुन सक्ने आवश्यक अन्य विवरण र यथासम्भव हाल बसोबास गरिरहेको स्थान सम्बन्धी जानकारी उल्लेख भएको | □छ/छैन□ |
| | (३) म्याद तामेल गर्नु पर्ने व्यक्तिको ठेगानामा म्याद वा न्यायिक लिखत तामेल हुन नसक्ने भएमा निजले काम गर्ने वा व्यवसाय सञ्चालन गर्ने प्रतिष्ठानको मुलुक र ठेगाना उल्लेख भएको | □छ/छैन□ |
| ४. | **ऐनको दफा १० बमोजिमः** | |
| | (१) प्रमाण बुझ्न अनुरोध गरिएको अदालत वा निकाय पहिचान हुन सकेको भए सो अदालत वा निकायको विवरण उल्लेख भएको | □छ/छैन□ |
| | (२) प्रमाण बुझ्नु पर्ने वा गर्नु पर्ने अन्य न्यायिक कामको विवरण उल्लेख भएको | □छ/छैन□ |
| | (३) कुनै साक्षी बुझ्नु पर्ने भएमा त्यस्तो साक्षीको नाम, थर, वतन र निजको पहिचान खुल्न सक्ने | □छ/छैन□ |

| | | |
|---|---|---|
| | राहदानी वा राष्ट्रिय परिचयपत्रको विवरण उल्लेख भएको | |
| | (४) बन्द सवालबाट साक्षी बुझ्नु पर्ने भएमा निजलाई सोध्नु पर्ने प्रश्नको विवरण उल्लेख भएको | □छ/छैन□ |
| | (५) साक्षी बुझ्दा कुनै शपथ लिनु पर्ने वा नपर्ने के हो सोको विवरण उल्लेख भएको | □छ/छैन□ |
| | (६) कुनै लिखत, चल वा अचल सम्पत्तिको निरीक्षण, नाप जाँच, नाप नक्सा वा परीक्षण गर्नु पर्ने भए सोको विवरण उल्लेख भएको | □छ/छैन□ |
| ५. | **ऐनको दफा ११ बमोजिम साक्षी परीक्षण गर्नु पर्ने वा बन्द सवाल जारी गर्नु पर्ने** | □हो/होइन□ |
| ६. | **ऐनको दफा १२ बमोजिम सम्पत्ति जफत वा रोक्का गर्नु पर्ने** | □हो/होइन□ |
| ७. | **सम्पत्ति जफत वा रोक्का गर्न अनुरोध गरेको भए:** | |
| | (१) सम्पत्तिसँग सम्बन्धित विषयमा मुद्दा दायर हुने अवस्थामा रहेको, दायर भएको वा निर्णय भई नसकेको विवरण प्राप्त भएको | □छ/छैन□ |
| | (२) न्यायिक कारवाहीमा सम्पत्ति जफत गर्ने कामको सारभूत सम्बन्ध रहेको विवरण प्राप्त भएको | □छ/छैन□ |
| | (३) जफत सम्बन्धी आदेश भएको र त्यस उपर पुनरावेदन गर्ने अवस्था नरहेको विवरण प्राप्त भएको | □छ/छैन□ |

| | | |
|---|---|---|
| | (४) जफत गर्ने आदेश बमोजिम तिर्नु पर्ने रकम तिर्न बाँकी रहेको विवरण प्राप्त भएको | □छ/छैन□ |
| | (५) जफतको आदेशबाट प्रभावित व्यक्ति अदालतमा उपस्थित नभएको भए निजले आफ्नो प्रतिरक्षाको लागि पर्याप्त समय सहितको सूचना पाएको विवरण प्राप्त भएको | □छ/छैन□ |
| ८. | **ऐनको दफा १४ को उपदफा (१) को सम्बन्धमा:** | |
| | (अ) न्यायिक कारवाही माग गर्ने अदालत, न्यायिक कारवाहीको संक्षिप्त व्यहोरा तथा सम्बद्ध कानून उल्लेख भएको | □छ/छैन□ |
| | (आ) माग गरिएको पारस्परिक कानूनी सहायताको विषय देहाय बमोजिम स्पष्ट गर्नु पर्ने:- | |
| | दफा ७ बमोजिम कागज, प्रमाण, सूचना वा वस्तु उपलब्ध गराउने, स्थान वा वस्तुको खानतलासी गर्ने वा कुनै वस्तु कब्जामा लिनु पर्ने | □हो/होइन□ |
| | दफा ८ बमोजिम व्यक्ति उपस्थित गराउनु पर्ने वा व्यक्ति रहेको स्थान पत्ता लगाउनु पर्ने वा व्यक्ति सनाखत गर्नु पर्ने | □हो/होइन□ |
| | दफा ९ बमोजिम म्याद वा न्यायिक लिखत तामेल गर्नु पर्ने | □हो/होइन□ |
| ९. | **माथि उल्लिखित विवरण माग गर्दा देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्ने:** | |

| | | |
|---|---|---|
| | (१) कुनै व्यक्तिलाई उपस्थित गराउने, व्यक्ति रहेको स्थान पत्ता लगाउने वा सनाखतको लागि पठाउने भए सम्भव भएसम्म निजको फोटो संलग्न गरेको | □छ/छैन□ |
| | (२) उपस्थित हुन माग गरिएको व्यक्तिले स्वतन्त्र रुपमा उपस्थित हुने इच्छा व्यक्त गरेको प्रमाण संलग्न गरेको | □छ/छैन□ |
| | (३) अदालतबाट सो सम्बन्धमा भएको आदेश संलग्न गरेको | □छ/छैन□ |
| | (४) म्याद वा न्यायिक लिखत तामेल गर्नु पर्ने भए तामेल गर्नु पर्ने म्याद वा न्यायिक लिखतको आधिकारिक प्रतिलिपि दुई प्रति संलग्न गरेको | □छ/छैन□ |
| १०. | **ऐनको दफा १४ को उपदफा (२) को खण्ड (ङ) बमोजिमः** | |
| | फैसला कार्यान्वयन गर्न पठाउनु पर्ने भएः<br>(१) अदालतको फैसलाको सक्कल प्रमाणित प्रति संलग्न | □छ/छैन□ |
| | (२) फैसलाको विषयमा पुनरावेदन गर्ने अवस्था नरहेको प्रमाण संलग्न | □छ/छैन□ |
| ११. | अनुसन्धान अधिकारीले नियमावलीको अनुसूची–१ बमोजिमको ढाँचामा र अदालतले नियमावलीको अनुसूची–२ बमोजिमको ढाँचामा विवरण खुलेको अनुरोधपत्र संलग्न गरेको | □छ/छैन□ |

| | | |
|---|---|---|
| १२. | माथि विभिन्न प्रकरणमा उल्लिखित विवरणका अतिरिक्त ऐनको दफा १४ बमोजिम देहायका विवरणहरु खुलाउनु पर्नेः | |
| | (क) न्यायिक कारवाही फौजदारी प्रकृतिको भए सो कारवाहीमा हुन सक्ने अधिकतम सजाय र देवानी प्रकृतिको भए दावी लिइएको अधिकतम बिगो उल्लेख भएको | □छ/छैन□ |
| | (ख) न्यायिक कारवाहीसँग सम्बन्धित कागज, प्रमाण, सूचना, वस्तु वा सम्पत्ति रहेको स्थान र त्यसको प्रकृति उल्लेख भएको | □छ/छैन□ |
| | (ग) खानतलासी लिनु पर्ने भए सो वस्तुको विवरण र त्यस्तो स्थानको पूरा ठेगाना उल्लेख भएको | □छ/छैन□ |
| | (घ) न्यायिक कारवाहीमा सहयोग गर्न सक्ने व्यक्तिका सम्बन्धमा निजको नाम, हुलिया र राष्ट्रियता लगायत पहिचान हुन सक्ने राहदानी वा राष्ट्रिय परिचयपत्र नम्बर भए सो लगायत आवश्यक अन्य विवरण र यथासम्भव हाल बसोबास गरिरहेको स्थान सम्बन्धी जानकारी उल्लेख भएको | □छ/छैन□ |
| | (ङ) माग गरिएको कागजात, प्रमाण, सूचना, वस्तु वा व्यक्ति न्यायिक कारवाहीको निमित्त तात्विक सम्बन्ध भएको पुष्ट्याईं गरिएको | □छ/छैन□ |

| | | |
|---|---|---|
| | (च) सम्बन्धित प्रमाण कागजातको सक्कल प्रति नै आवश्यक पर्ने भए त्यसको पुष्टयाईं र फिर्ता गर्नु पर्ने भए फिर्ता गरिने कुराको आश्वासन दिइएको | □छ/छैन□ |
| | छ) पारस्परिक कानूनी सहायता प्रदान गर्न अनुरोध गरिएको विदेशी मुलुकको सम्बन्धित अधिकारीको नाम ठेगाना उल्लेख भएको | □छ/छैन□ |
| | (ज) पारस्परिक कानूनी सहायता प्रदान गर्नु पर्ने अवधि उल्लेख भएको | □छ/छैन□ |